# नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड

NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED

( नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था )

केन्द्रीय कार्यालय, धादिङवेशी, धादिङ


प.सं. २०७९/८०

मिति:२०८०/०३/२४

च.नं. १४९४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

यू.एन.आइ शान्ति मार्ग भद्रकाली, काठमाडौं ।

**विषयः** नेपाल राष्ट्र बैंक द्वारा गाभ्ने /गाभिने (मर्जर) सम्बन्धि अन्तिम स्वीकृति प्रदान गरेको जानकारी सम्बन्धमा ।

महोदय,

यस नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/०३/०३ मा सम्पन्न भएको विशेष साधारण सभाबाट समीट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभ्ने /गाभिने (मर्जर) सम्बन्धि प्रस्ताव पारित गरी मिति २०८०/०३/०६ गतेका दिन दुबै संस्थाका बीच संस्था एक आपसमा गाभ्ने /गाभिने (मर्जर) सम्बन्धि अन्तिम सम्झौतापत्रमा हस्ताक्षर गरी अन्तिम स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन पेश गरिएकोमा नेपाल राष्ट्र बैंकको मिति २०८०/०३/२२ को पत्र मार्फत मर्जर सम्बन्धि अन्तिम स्वीकृति प्रदान गरिएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

**बोधार्थ**

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर ।

२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाडौं ।

३) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं ।

भवदीय,

..................

(तारा प्रसाद ढुंगाना)

कम्पनी सचिव

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

दर्ता नं. १३३
०८०/०३/२२

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./मर्जर/७८/०७९/८०

मिति : २०८०/०३/२२

**श्री नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड**
**निलकण्ठ न.पा वडा नं. ३, धादिङ्बेशी, धादिङ**

**श्री समिट लघुवित्त वित्तीय संस्था लिमिटेड**
**बनेपा न.पा वडा नं. १०, काभ्रेपलाञ्चोक**

**विषय : गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि अन्तिम स्वीकृति प्रदान गरिएको सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरका **नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड** एक आपसमा गाभ्न/गाभिन सैद्धान्तिक सहमति प्रदान गर्दा तोकिएका शर्त तथा प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृतिको लागि निवेदन प्राप्त हुन आएकोले *"बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३"* को दफा ७३ र *"बैंक तथा वित्तीय संस्था गाभ्ने* गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)" को विनियम ११ मा भएको व्यवस्था अनुसार गाभ्ने/गाभिने (मर्जर) कार्य पश्चात् **"घ" वर्गको राष्ट्रियस्तरको नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड**को नामबाट वित्तीय कारोबार सञ्चालन हुने गरी देहायका शर्तहरू सहित अन्तिम स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**शर्तहरु :**

(१) "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३", "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)", प्रचलित कानून तथा यस बैंकबाट जारी एकीकृत निर्देशन लगायत अन्य नीति निर्देशनहरूको पूर्ण पालना गरी वित्तीय कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(२) गाभ्ने/गाभिने दुबै संस्थाले आ-आफ्नो साधारण सभाबाट निर्णय गरे बमोजिम **नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड**को कायम हुने **शेयर स्वाप अनुपात १:०.७३** अनुसार शेयर पुँजी मिलान गर्नु पर्नेछ ।

(३) धितोपत्र सम्बन्धी ऐन, नियमावली र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम गाभिएर कायम हुने शेयरको सूचीकरण गर्नु पर्नेछ । शेयर स्वाप अनुपातको आधारमा तय हुने शेयरलाई साविकका दुवै संस्थाका सम्पूर्ण शेयरधनीहरूले गाभिएर कायम हुने संस्था **नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड**को नामबाट कारोबार गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) गाभिएर कायम हुने संस्थाको केन्द्रीय कार्यालय **बनेपा नगरपालिका वडा नं. १०, काभ्रेपलान्चोकमा** रहनेछ ।

(५) गाभ्ने/गाभिने संस्थाको कुनै शाखा कार्यालय अर्कोमा गाभ्नु परेमा वा अन्यत्र स्थानान्तरण गर्नु परेमा सोको आवश्यकता तथा औचित्य खुलाई स्वीकृतिको लागि यस बैंकमा पेश गर्नु पर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
(एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०)
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(६) एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी स्वीकृति प्राप्त भएपछि दुबै संस्थाले एकीकृत कारोबार थालनी गर्ने मिति खुलेको व्यहोराको सूचना सर्वसाधारणको जानकारीका लागि निर्णय प्राप्त गरेको मितिले **१५ (पन्ध्र) दिन** भित्र कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा **कम्तीमा २ (दुई) पटक** प्रकाशन गर्नु पर्नेछ ।

(७) यस बैंकबाट अन्तिम स्वीकृतिको पत्र प्राप्त गरेको **१ (एक) महिनाभित्र** दुबै संस्था एक आपसमा गाभिएर एकीकृत रुपमा वित्तीय कारोबार शुरु गरिसक्नु पर्नेछ । सो अवधिभित्र गाभ्ने/गाभिने दुबै संस्थाको तथ्याङ्कलाई एकीकृत गरी गाभिएको दिनदेखि एउटै सफ्टवेयरबाट वित्तीय कारोबार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । साथै, गाभिए पश्चात् एकीकृत वित्तीय विवरणहरू तयार गरी (गाभिएको दिनको समेत) बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागका साथै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत अन्य सम्बन्धित निकायहरूलाई जानकारी दिनु पर्नेछ ।

(८) गाभिने संस्थाको नाममा रहेको वित्तीय कारोबार गर्ने सम्बन्धी इजाजतपत्रलाई रद्द गरी गाभ्ने संस्थाको इजाजतपत्रमा आवश्यक संशोधन गर्नुपर्ने भएकोले एकीकृत कारोबार गर्नु पूर्व दुबै संस्थाको सक्कल इजाजतपत्रहरु यस बैंक समक्ष पेश गर्नु पर्नेछ ।

(९) गाभ्ने/गाभिने दुबै संस्थाहरुको अन्तिम दिनसम्म कायम रहेको लेखामा उल्लेख भएको मूल्यमा सम्पूर्ण सम्पत्ति, दायित्व तथा अन्य सम्भावित दायित्वहरु समायोजन गरी गाभिएर कायम हुने संस्थाको हिसाबमा लेखांकन गर्नु पर्नेछ । यसपछि गाभ्ने/गाभिने दुबै संस्थाहरुबाट भए/गरेका काम कारवाहीहरु गाभिएर कायम हुने संस्थाबाट भए/गरेको मानिनेछ । साबिकका दुबै संस्थाले गाभिनु अघि गरेका करारीय दायित्वको कार्यान्वयन समेत गाभिएपछिको संस्थामा सर्नेछ ।

(१०) गाभ्ने/गाभिने कार्य पश्चात् शाखा कार्यालयहरुको कोडिङ्ग गर्ने सम्बन्धमा यस बैंकको सूचना प्रविधि विभागसँग समन्वय गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(११) गाभ्ने/गाभिने कार्य सम्पन्न गरेको मितिले एक वर्षसम्म गाभ्ने संस्थाको साइनबोर्ड तथा लेटरप्याडको तल्लो भागमा **"नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडले समीट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभेको"** भन्ने व्यहोरा उल्लेख गर्नु पर्नेछ । साथै, यसभन्दा अगाडि एक वर्षभित्र कुनै संस्थासँग मर्जर वा कुनै संस्थालाई प्राप्ति गरेको अवस्थामा उक्त संस्थाहरूको नाम समेत समावेश गर्नु पर्नेछ ।

(१२) गाभिए पछिको पहिलो वार्षिक साधारण सभाबाट बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गरी निर्वाचनको माध्यमबाट सञ्चालकहरु नियुक्त हुने व्यवस्था गर्नु पर्नेछ ।

(१३) गाभ्ने/गाभिने संस्थाका कर्मचारीहरुको गाभिएर कायम हुने संस्थामा पदमिलान गर्दा निजहरुले साबिकमा खाईपाई आएको **तलब, भत्ता, सुविधा तथा सेवाका शर्तहरु नघट्ने** गरी कर्मचारी सेवा विनियमावली लगायत अन्य विषयहरुमा आवश्यक संशोधन गरी स्वीकृतिका लागि यस बैंकमा पेश गर्नु पर्नेछ ।

(१४) गाभ्ने/गाभिने क्रममा दुवै संस्थाबीच निर्धारित शेयर स्वाप अनुपात अनुसार पुँजी मिलान गर्दा आएको बार्गेन पर्चेज गेनलाई गाभ्ने संस्थाले विद्यमान लेखामानअनुसार सम्बन्धित शीर्षकमा आम्दानी जनाई नियमानुसार लाग्ने कर कट्टी गरी पूँजीगत जगेडा कोषमा जम्मा गर्नु पर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०)
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(१५) गाभिएपछिको संस्थामा लागु हुने कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली तथा कर्जा अपलेखन विनियमावली यस बैंकको स्वीकृतिका लागि पेश गर्नु पर्नेछ।

(१६) गाभ्ने/गाभिने दुबै संस्थालाई यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागबाट दिइएका निर्देशनहरुको सुधार तथा कार्यान्वयन गाभिएर कायम हुने संस्थाबाट तोकिएकै समयभित्र गर्नु पर्नेछ।

(१७) गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी बाँकी काम कारवाहीहरु "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौ संशोधन, २०७९)" बमोजिम गर्नु पर्नेछ।

भवदीय,

(डा. गुणाकर भट्ट)
कार्यकारी निर्देशक

**बोधार्थ** :
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग।
श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
श्री नेपाल राष्ट्र बैंक, मौद्रिक व्यवस्थापन विभाग।
श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग विभाग।
श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय (वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा), सिंहदरबार, काठमाडौं।
श्री नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबारप्लाजा, काठमाडौं।
श्री नेपाल लघुवित्त बैंकर्स संघ, भगवति बहाल, नक्साल, काठमाडौं।